# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर अधिकारी आईएमएफ/विश्व बैंकको संयुक्त वार्षिक बैठकमा सहभागी

गभर्नर महाप्रसाद अधिकारी अन्तर्राष्ट्रिय मुद्रा कोष/विश्व बैंकको संयुक्त वार्षिक बैठकमा सहभागी हुनुभयो । सन् २०२१ अक्टोबर ७ देखि १९ सम्म भर्चुअल माध्यममा आयोजित वार्षिक बैठकमा उहाँले सहभागिता जनाउनु भएको हो ।



गभर्नर अधिकारीले सन् २०२१ अक्टोबर १२ मा अन्तर्राष्ट्रिय मुद्रा कोषका उप-महाप्रबन्धक बो लीसँग दुईपक्षीय शिष्टाचार भेटघाट र कुराकानी गर्नुभएको थियो । सो भेटघाटमा विश्व, क्षेत्रीय तथा नेपालको आर्थिक स्थितिबारे छलफल भएको थियो ।

साथै नेपाल राष्ट्र बैंकको प्रतिनिधि मण्डलले सन् २०२१ अक्टोबर १५ मा IMF Seminar: The Digital Money Revolution विषयक सेमिनारमा सहभागिता जनाएको थियो । उक्त सेमिनारमा वक्ताका रूपमा कोषका प्रबन्ध निर्देशक क्रिष्टिलिना ग्योगिभा, BIS Innovation Hub का प्रमुख बेनोइट कोयर र कोर्नेल विश्वविद्यालयका प्रोफेसर ईश्वरप्रसादले Central Bank Digital Currencies, Private Money, Stable Coins, Crypto assets लगायतका विषयमा आफ्नो धारणा राख्नुभएको थियो । यसै गरी, कार्यक्रमको टिप्पणीकर्ताका रूपमा फाइनान्सियल टाइम्सका प्रमुख अर्थविद् मार्टिन बल्फ रहनुभएको थियो ।




बैठकका क्रममा अक्टोबर १२ देखि १९ सम्म सञ्चालित विभिन्न कार्यक्रममध्ये अक्टोबर १२ मा Joint Seminar: Ending the Pandemic: the road to inclusive recovery, अक्टोबर १४ मा IMF Seminar: Debate on Global Economy, अक्टोबर १८ मा Monetary and Capital Markets Division को दुईपक्षीय छलफल र अक्टोबर १९ को APD High-Level Meeting on Regional Economic Outlook मा आर्थिक अनुसन्धान विभाग र गभर्नरको कार्यालयका प्रतिनिधिको सहभागिता रहेको थियो ।

२०७८ कात्तिक ५ गते

गभर्नरको कार्यालय